**नेपाल सरकार**

# ऊर्जा मन्त्रालय

**तादी खोला जलविद्युत आयोजना (५ मेगावाट) को उत्पादन अनुमतिपत्र सम्बन्धी प्रेस विज्ञप्ति**

मिति : २०६८।६।४

बागमती अञ्चल, नुवाकोट जिल्लाको शिखरबेंसी, समुन्द्रटार र राउटबेंसी गा.वि.स.हरुमा अवस्थित तादी खोलामा ५ मेगावाट जडित क्षमताको **तादी खोला जलविद्युत आयोजना**को विद्युत उत्पादनको अनुमतिपत्र प्रबर्द्धक श्री हिरारत्न हाइड्रोपावर प्रा.लि., कालोपुल-५, काठमाडौंलाई मिति २०६८।६।४ को निर्णय अनुसार एक समारोह बीच प्रदान गरिएको छ । यस आयोजनाबाट वार्षिक ३४.२९ गिगावाट घण्टा विद्युत ऊर्जा उत्पादन हुने छ। उक्त आयोजनाबाट उत्पादन हुने विद्युत करिब ३ कि.मि. लामो ३३ के.भी. प्रसारण लाइन निर्माण गरी समुद्रटार गा.वि.स.मा प्रस्तावित सवस्टेशन मार्फत् नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय प्रसारण प्रणालीमा प्रसारण गरिने छ । यो आयोजना २०७१ असार मसान्तसम्ममा सम्पन्न हुने लक्ष्य रहेको छ भने आयोजनाको अनुमानित लागत करिब ७२ करोड रुपैयाँ रहेको छ ।

**श्रीरञ्जन लाकौल**
सहसचिव एवम् प्रवक्ता